# सुरक्षित र स्विकारयोग्य विद्यालयहरुको निर्माणः स्विकारयोग्य विद्यालयहरु बारे जानकारी गराउने कानून (विधेयक १३)

विद्यार्थीको उपलब्धी र चौतर्फी विकासका लागि समावेशी र स्विकारयोग्य विद्यालयहरु महत्वपूर्ण हुन्छ, भन्ने हामीलाई थाहा छ ।

त्यसैले सरकारले विधेयक १३ ल्याएको हो, *स्विकारयोग्य विद्यालय विधेयक,* जुन हाल आएर कानूनका रुपमा पारित गरिएको छ ।

## विधेयक १३ के हो ?

विधेयक १३ ले विद्यालय बोर्डहरुलाई हाम्रो विद्यालयहरुमा भएका विद्यार्थीहरुलाई अनुचित र अनादरपूर्ण व्यवहार गर्नबाट रोक्ने र सम्बोधन गर्ने व्यवस्था गरेको छ । यी व्यवहारहरुमा सताउने, भेदभाव र उत्पीडन समावेश छन् । यस नयाँ कानूनले यस्ता व्यवहारहरु हाम्रा विद्यालयहरुमा अस्विकार्य भएको स्पष्ट पार्दछ । यसले सम्पूर्ण विद्यार्थीहरुमा जात, लिङ्ग, यौन व्यवहार, अपांगता वा अन्य कुनै कारणका आधारमा कुनै भेदभाव नगरी सम्मान र समझदारीको प्रवर्द्धन गर्दछ ।

## विद्यार्थीलाई सताउने लगायतका, अनुचित व्यवहारहरुको रोकथाम र सम्बोधन गर्न विधेयक १३ ले कसरी सहयोग गर्दछ ?

विद्यालय बोर्डहरु र विद्यालयहरुले गरेकै कामहरुमा यसले अझ बल प्रदान गर्दछ । बिल १३ का अनुसार बोर्डहरुले गर्नुपर्नेः

- प्रगतिशील अनुशासन, विद्यार्थी सताउने व्यवहारहरुको रोकथाम र हस्तक्षेपकारी भूमिका, र समतामूलक र समावेशी शिक्षाका लागि नीतिहरु अवलम्बन गरी कार्यान्वयन गर्ने ।
- अरुलाई सताउने विद्यार्थीहरुका लागि कडा कारवाहीको व्यवस्था गर्ने। यस्ता कारवाहीहरुमा विद्यार्थीहरुलाई निलम्बन र निष्कासन गर्ने पनि हुन सक्छ यदि:
  - सो विद्यार्थी यस अघि पनि अन्य विद्यार्थीहरुलाई सताउने व्यवहारका लागि निलम्बन गरिएको छ भने र विद्यालयमा सो विद्यार्थीको उपस्थितीले अन्यको सुरक्षामा अस्विकार्य जोखिम उठाउँछ भने, वा
  - घृणा, पूर्वाग्रह वा पक्षपातका कारण सताईएमा ।

  निलम्बन र निष्कासनमा परेका विद्यार्थीहरुका लागि शिक्षा विधेयकले यस अघि नै गरेका व्यवस्थाहरुः
  - यदि विद्यार्थीहरु निष्कासन वा दीर्घकालीन निलम्बनमा परेमा (पाँच विद्यालय दिनभन्दा बढी), उनीहरुले शैक्षिक/वा अन्य सहयोग निलम्बन/निष्कासन कार्यक्रम मार्फत पाउने छन्। पाँच विद्यालय दिनहरुभन्दा बढी निलम्बनमा परेका विद्यार्थीहरुले गृहकार्यको प्याकेज पाउनेछन् ।
- विद्यार्थी सताउने जस्ता अनुचित व्यवहारहरु रोकथाम गर्ने र विद्यालयमा सकारात्मक वातावरण प्रवर्द्धन गर्नका लागि वार्षिक रुपमा विद्यालयका शिक्षक र अन्य कर्मचारीहरुलाई तालिम र जानकारी दिनुहोस् ।
- उनीहरुको बहु-वार्षिक योजनाहरुमा सकारात्मक विद्यालय वातावरण र विद्यार्थी सताउने व्यवहार रोकथाम गर्नेबारे लक्ष्यहरु समावेश गर्नुहोस् र यी योजनाहरु सर्वसाधारणहरुको लागि उपलब्ध गराउनुहोस् ।

## के विधेयक १३ ले प्रधानाध्यापकहरुको भूमिका परिवर्तन गर्छ ?

- विधेयकले प्रधानाध्यापकहरुलाई नयाँ, निश्चित जिम्मेवारीहरु दिन्छ । उनीहरुले अब निम्न गर्न आवश्यक छ:
  - विद्यार्थीलाई अनावश्यक रुपमा सताउने लगायतका, बोर्डका कर्मचारीले उजुरी गरेको कुनैपनि घटनाहरुको अनुसन्धान गर्ने जसले एक विद्यार्थी निलम्बन वा निष्कासन पनि हुन सक्छ ।
  - अरुलाई चोट वा क्षति पुर्‍याएका विद्यार्थीहरुको घटनाबारे अभिभावकहरुलाई जानकारी गराउने, जसले उनीहरुलाई निलम्बन वा निष्कासनसम्मको कारवाही हुन सक्छ। अभिभावकहरुलाई उनीहरुका बालबालिकालाई के-कस्ता सहयोग दिईनेछ भन्नेबारे छलफल गर्न पनि बोलाउनुहोस् ।
  - कुनै घटनाका कारण चोट वा क्षति पुर्‍याइएका विद्यार्थीहरुको अभिभावकहरुलाई पनि निम्त्याएर उनीहरुलाई के-कस्ता सहयोग उपलब्ध हुनेछ भन्ने बुझाउनुहोस् । प्रधानाध्यापकहरुले यी अभिभावकहरुलाई सूचित गर्ने व्यवस्था छ ।
  - कुनै घटना उजुरी गरेका शिक्षक, वा उचित हुने बोर्डका कर्मचारीसँग सम्पर्क गर्नुहोस्, जसले कुनै विद्यार्थीलाई निलम्बन वा निष्कासन गर्ने स्थितीसम्म पुर्‍याउन सक्छ । उनीहरुलाई घटनाको अनुसन्धानका बारेमा जानकारी गराउनु प्रधानाध्यापकको जिम्मेवारी हुन जान्छ ।

## विधेयक १३ ले विद्यालय बोर्ड र विद्यालयहरुलाई अभिभावक, विद्यार्थी र अन्य कर्मचारी र सरोकारवालाहरुलाई संलग्न गराउन कसरी सहयोग गर्छ ?

विधेयकले अभिभावकहरुलाई सहयोगका बारेमा अझ बढी बुझ्न सहयोग गर्दछ जुन विद्यालयबाट उपलब्ध हुने छ र विद्यालयको वातावरण सकारात्मक बनाउन विद्यालयले गरिरहेका कामहरुका बारेमा पनि बुझाईनेछ ।

ISBN 978-1-4606-1141-8 (PDF) (Nepali) © क्विन्स् प्रिन्टर फर ओन्टारिओ, 2013



Ontario

बोर्डहरुले गर्नुपर्नेः

- आफ्ना बालबालिकाहरुले विद्यालयबाट पाईरहेका सहयोगहरुका बारेमा कुनै जिज्ञासा वा प्रश्न भएको खण्डमा अभिभावकहरुका लागि प्रक्रियाको व्यवस्था गर्ने ।
- विद्यार्थी सताउने कुनै पनि घटनाहरुका बारेमा विद्यार्थी, अभिभावक र अन्यका लागि सुरक्षित रुपमा उजुरी गर्ने प्रक्रियाको विकास गर्ने ।
- न्यूनतम दुई वर्षमा विद्यालयको वातावरण बारे कर्मचारी, विद्यार्थी र अभिभावकहरुका लागि सर्वेक्षण गर्नुहोस् ।
- विद्यार्थीहरुको सुरक्षा र विद्यालयको वातवरणबारे जान्न अभिभावकहरुका लागि अझ धैरै अवसरहरु सृजना गर्नुहोस् ।

## विधेयक १३ ले विद्यार्थीहरुलाई कसरी सहयोग गर्दछ ?

विधेयक १३ मा उल्लेख भए अनुसारः

- कुनै अनुचित व्यवहारमा संलग्न वा अनुचित व्यवहारबाट प्रभावित विद्यार्थीहरुलाई विद्यालयले नै सहयोग उपलब्ध गराउनु पर्नेछ ।
- पीडित र पीडक दुवै विद्यार्थी, र घटनाका साक्षीहरुका लागि विद्यालयले नै विभिन्न कार्यक्रम, पहलकदमी र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।
- विद्यार्थी सताईएका कुनै घटनाको उजुरी गर्न विद्यार्थीहरुका लागि सुरक्षित उपायहरु उपलब्ध गराउनु पर्छ ।
- विद्यालय बोर्ड र विद्यालयहरुले विद्यार्थीहरुलाई समूह बनाएर निम्नानुसारका विषयहरुमा विद्यालयमा सचेतना र समझदारी बढाउन दिनुपर्छः
  - जातीय भेदभाव;
  - अपाङ्गता भएका मानिसहरु;
  - लैङ्गिक समानता;
  - यौन व्यवहार र लैङ्गिक पहिचान । यी समूहहरुमा समलिङ्गी-सामान्य गठबन्धन (Gay-Straight Alliances -GSAs) ।

समूहका लागि विद्यार्थीहरुले रोजेको GSA वा अन्य कुनै नाम राख्नबाट बोर्ड वा प्रधानाध्यापकले रोक्न सक्दैनन् ।

आवश्यकता अनुसार विद्यार्थीहरुले अन्य प्रकारका समूहहरु पनि निर्माण गर्न सक्ने छन् ।

- विद्यार्थीहरुका यसता समूहहरुको नामहरु सबै विद्यार्थीहरुका लागि समावेशी र स्विकारयोग्य विद्यालय वातावरणको प्रवर्द्धन हुनु पर्नेछ ।

## सार्वजनिक विद्यालयहरुमा भाडामा जग्गा लिने संस्थाहरुलाई विधेयक १३ ले कसरी प्रभाव पार्दछ ?

विधेयक १३ अन्तर्गत, खेलकुद लिग र सामुदायिक समूहजस्ता, तेश्रो पक्षहरुले विद्यालयको जग्गा भाडामा प्रयोग गर्दा प्रान्तिय आचार संहिता पालना गर्नुपर्नेछ र सोही अनुरुप व्यवहार गर्नुपर्नेछ । सो आचार संहिताले विद्यालय समुदायका सम्पूर्ण सदस्यहरुलाई सम्मान र मर्यादाकासाथ व्यवहार गरिनेछ भन्ने सुनिश्चित गर्नेछ र धैरै वर्षदेखि यो कायम छ भन्ने देखाउनेछ ।

## “सम्पूर्ण विद्यालय पद्धती” ले कसरी विद्यालयहरुलाई सिकाईका लागि उत्कृष्ट स्थल बनाउँदछ ?

विद्यालयको वातावरणलाई सकारात्मक र समावेशी बनाउन “सम्पूर्ण विद्यालय पद्धती” आवश्यक छ जुन सम्पूर्ण विद्यालय र समुदायबीच स्वस्थ र सम्मानजनक सम्बन्धहरुमाथि आधारित छ ।

सुरक्षित, समावेशी र स्विकारयोग्य विद्यालयहरुले विद्यार्थीहरुलाई कक्षाकोठा र बाहिर पनि उत्कृष्ट व्यवहार प्रदर्शन गर्न सहयोग गर्दछ । सुरक्षित, समावेशी र स्विकारयोग्य विद्यालयहरुको निर्माणका लागि सरकारी विद्यालय बोर्ड, विद्यालय कर्मचारी, अभिभावक, विद्यार्थी र समुदायका सदस्यहरु लगायत सबैको महत्वपूर्ण भूमिका हुन्छ ।

हामी सबै मिलेर विद्यालयमा सकारात्मक वातावरणको निर्माण गर्न सक्छौं जसले विद्यार्थीहरुलाई सिक्न, अघि बढ्न र उनीहरुको चौतर्फी विकासमा सहयोग गर्नेछ ।

## विधेयक १३ एक वृहत कार्ययोजनाको एउटा अंश हो

यो विधान हाम्रो समतामूलक र समावेशी शिक्षा र सुरक्षित विद्यालयहरुको रणनीतिको जगमाथि बनेको हो । यो विधान वृहत कार्ययोजनाको एउटा अंश हो जसमा यी बुँदाहरु उल्लेख गरिएका छन्ः

- ग्रामीण र दुर्गम समुदायका विद्यालयरुमा अझ धैरै मानसिक स्वास्थ्य कार्यकर्ता उपलब्ध गराउने र एक मनोचिकित्सकसहित श्रव्य-दृश्य परामर्श सेवा विस्तार गर्ने ।
- ओन्टारियो पाठ्यक्रम परिषद्को सिफारिश अनुसार, पाठ्यक्रमभरि नै अझ बढी समतामूलक र समावेशी शैक्षिक नीति र विद्यार्थी सताउने रोकथाम रणनीति समावेश गर्ने उपायहरु खोज्ने ।
- विद्यार्थी सताउने दुर्व्यवहार रोक्न सम्पूर्ण ओन्टारियोका बासिन्दाहरुको पनि भूमिका छ भन्ने बुझाउन एउटा सचेतना कार्यक्रम संचालन गर्ने ।
- विद्यार्थीहरुलाई सताउने दुर्व्यवहार रोक्न र हस्तक्षेप गर्न सम्पूर्ण विद्यालय पद्धतीमा केन्द्रित हुनका लागि श्रोत र अभ्यासका लागि सल्लाह दिन स्विकारयोग्य विशेषज्ञहरुको प्यानल निर्माण गर्ने ।

## अझै धैरै प्रश्नहरु छन् ?

ओन्टारियोका विविध व्यवस्थाहरुका बारेमाः

- अभिभावकहरुले स्विकारयोग्य विद्यालयहरुको कार्ययोजना जान्न www.ontario.ca/acceptingschools
- सुरक्षित विद्यालय रणनीतिका लागि www.edu.gov.on.ca/eng/parents/safekit.html
- समतामूलक र समावेशी शैक्षिक रणनीतिका लागि www.edu.gov.on.ca/eng/policyfunding/equity.html
- प्रान्तिय आचार संहिताका लागि www.edu.gov.on.ca/eng/safeschools/standards.html